स्थानीय सरकार
घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ,लुम्बिनी प्रदेश,नेपाल

फोन-फ्याक्स
०८२-५६०१६२,
५६०२४३,
५६१२६८,
५६०७००,
५६०४९९
www. ghorahimun.gov.np

प.सं. : २०८२/०८३
च.नं. ४६२२

मिति: २०८३/०१/०२

श्री वडा कार्यालय सबै,
घोराही उपमहानगरपालिका दाङ ।

**विषय: भूमी व्यवस्थापन सम्बन्धी कार्यविधि ,२०८२ कार्यान्वयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा घोराही उपमहानगरपालिकाका विभिन्न क्षेत्रहरु भैंसाही, लक्ष्मीपुर कटुवा खोला लगायतका क्षेत्रमा भूमी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ को मापदण्ड विपरित जग्गाको कित्ताकाट तथा खण्डीकरण ,प्लटिङ लगायतका जग्गा टुक्रा पार्ने कार्य भईरहेको भन्ने जनगुनासो यस कार्यालयमा आएको हुँदा सम्बन्धित वडा कार्यालयले अनुगमन तथा सुपरीवेक्षण गरी कार्यविधि विपरित कार्य भए गरेको पाइएमा सो को छानबीन गरी यर्थाथ विवरण पत्र प्राप्त भएको मितिले १५ दिन भित्र यस कार्यालयमा उपलब्ध गराईदिनहुन अनुरोध छ । साथै भूमी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ (पहिलो संशोधन) यसै पत्र साथ संलग्न रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

२०८३/०१/०२

राम बहादुर हमाल
(प्रमुख प्रशासकीय अधिकृत)
रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड ९ संख्या ९ स्थानीय राजपत्र भाग २ मिति २०८२।०७।३०**

**घोराही उपमहानगरपालिकाको भूमी व्यवस्थापन सम्वन्धी (पहिलो संशोधन) कार्यविधि २०८२"**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०४।१५ गते

**प्रस्तावना**

घोराही उपमहानगरपालिकाको भूमि व्यावस्थापन सम्वन्धी कार्यविधि २०८१ " लाई संशोधन गर्न वान्छनीय भएकोले यो कार्यविधि संशोधन गरी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि(पहिलो सशोधन) २०८२ रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. मुल कार्यविधिको दफा ३ को उपदफा (३) हटाइएको।

३. मुल कार्यविधिको दफा ८ को उपदफा (१)को खण्ड (घ) र (ङ)मा देहाय अनुसार संशोधन र थप गरिएको।

| सि नं | हाल भएको व्यवस्था | संशोधीत व्यवस्था |
|---|---|---|
| १) | (घ) जग्गा विकास गर्दा न्यूनतम ८ धुर भन्दा सानो कित्ता काट्न पाईने छैन ; कम्तिमा ८ मिटर मोहडा भएको हुनुपर्नेछ साथै जग्गाको चौडाइ भन्दा लम्बाई ४ गुणा भन्दा बढी नहुने गरी कित्ताकाट भएको हुनुपर्नेछ, दुईतिर बाटो हुने जग्गाको कर्नर तथा दुवै तिरको वाटोमा सेटव्याक सहित पुगेको हुनुपर्नेछ । | (घ) जग्गा विकास गर्दा न्यूनतम क्षेत्रफल १३० वर्गमिटर हुनुपर्नेछ। न्युनतम् मोहडा १७ हात र लम्वाइ ४० हात हुनुपर्नेछ। न्युनतम् क्षेत्रफल भन्दा वढी कित्ताकाट गर्दा मोहडा भन्दा लम्बाई ४ गुणा भन्दा बढी नहुने गरी कित्ताकाट भएको हुनुपर्नेछ। दुईतिर बाटो हुने जग्गाको कर्नर तथा दुवै तिरको वाटोमा सेटव्याक सहित पुगेको हुनुपर्नेछ । तर यस कार्यविधि लागु हुनुपूर्व (२०८१।१।१७) कित्ताकाट भैसकेको हकमा यो दफा आकर्षित हुने छैन। |

| | | |
|---|---|---|
| २) | (ङ) जम्मा जग्गाको ५ प्रतिशत खुल्ला क्षेत्रका लागि छुट्याउनु पर्नेछ। सबै घरमा पुग्न सकिने गरि न्यूनतम ७ मिटर चौडा रोलिड सहितको ग्राभेल वाटो, पक्की नाला, विद्युत लाइन विस्तार साथै खानेपानी लाईन ईत्यादी आधारभुत सेवा सुविधाको व्यवस्था भएको हुनुपर्नेछ। साथै प्लटिङ गरिसकेपछि देखिने प्रस्तावित नक्सा समेत पेश गर्नुपर्नेछ । | (ङ)जम्मा जग्गाको ३ प्रतिशत खुल्ला क्षेत्रका लागि छुट्याउनु पर्नेछ। सबै घरमा पुग्न सकिने गरि न्यूनतम ७ मिटर चौडा रोलिड सहितको ग्राभेल वाटो, पक्की नाला, विद्युत लाइन विस्तार साथै खानेपानी लाईन ईत्यादी आधारभुत सेवा सुविधाको व्यवस्था भएको हुनुपर्नेछ। साथै प्लटिङ गरिसकेपछि देखिने प्रस्तावित नक्सा समेत पेश गर्नुपर्नेछ।<br>(ङ१) यस कार्यालयवाट अनुमती नलिइ जग्गा विकास गरेको हकमा यस कार्यालय जवाफदेही हुनेछैन । |

**२. मुल कार्यविधिको अनुसुची १को सि.नं. १, २ / ३ मा देहाय अनुसार संशोधन गर्ने।**

| सि. नं. | क्षेत्रहरु | स्थान |
|---|---|---|
| १ | कृषि क्षेत्र | आवासीय, औद्योगिक, खानी तथा खनिज, वन क्षेत्र, नदी खोला ताल सिमसार क्षेत्र र व्यवसायिक क्षेत्रको रुपमा तोकिएको क्षेत्र वाहेकका अन्य क्षेत्र । |
| २ | व्यवसायीक | १. घोराही उपमहानगरपालिका वडा नं. १४ र १५ को सम्पूर्ण भू-भाग।<br>२. तुलसीपुर घोराही सडक खण्डको नारायणपुर झारवैरा चोकदेखि खैरा चोकसम्म १०० मिटर दाँयाबाँयाको क्षेत्र। |
| ३ | आवासीय क्षेत्र | १. घोराही उपमहानगरपालिका भित्रका मुख्य सडकहरुको १०० मिटर दाँयाबाँयाको क्षेत्र र सहायक सडकको ५० मिटर दाँयाबाँयाको क्षेत्र।<br>२. माथिको बुँदामा जे जस्तो व्यवस्था गरिए पनि बाढी पहिरोको जोखिम क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्र, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक संरक्षित क्षेत्रलाई आवासीय क्षेत्रको रुपमा लिइने छैन। |

आज्ञाले,

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत